# संघीय प्रणालीमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनसम्बन्धी निर्देशन, २०७४

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरवार, काठमाण्डौं
२०७४

**प्रस्तावनाः**

मातृ तथा बाल मृत्युदर घटाउनु साथै बालबालिकाको उच्चतम मानसिक विकास गरी देशको मानवीय पुँजी बृद्धि गरेर समग्रमा मुलुकको द्रूत आर्थिक विकासका लागि पोषणको अवस्थामा सुधार गर्न अपरिहार्य भएकोले पोषणको क्षेत्रमा थप लगानी गर्न जरुरी भएको र कुपोषणसम्बन्धी विभिन्न समस्या समाधान गर्न बहुक्षेत्रीय अवधारणा लागू गर्नुपर्ने विश्वव्यापी मान्यतालाई स्वीकार गरी मातृ तथा बाल्यकालीन पोषणको अवस्थामा सुधार ल्याउने मुख्य उद्देश्यले नेपाल सरकारबाट २०६९ जेठ ३२ मा स्वीकृत बहुक्षेत्रीय पोषण योजना क्रमिक रूपमा कार्यान्वयन गरिँदै आएकोमा नेपालको संघीय संविधान जारी भई संघ, प्रदेश तथा स्थानीय तह गरी तीन तहको राज्यको संरचना रहने व्यवस्था भएकाले र सोहीबमोजिम अधिकांश स्थानीय तहको निर्वाचन भई सञ्चालनमा समेत आएको परिप्रेक्ष्यमा यो योजना कार्यान्वयनमा स्थानीय तहलाई समेत सहयोग गर्न राष्ट्रिय योजना आयोगको गठन तथा कार्यसञ्चालन आदेश, २०६७ को दफा १६ अनुसार यो निर्देशन जारी गरिएको छ ।

परिच्छेद - १

## उद्देश्य

### १. निर्देशनको उद्देश्यः

(१) संघीय प्रणालीअनुसार सबै तहमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा सहजीकरण गर्ने,

(२) स्थानीय तहमा विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालन गरिने बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका कार्यक्रम तथा क्रियाकलापमा एकरूपता कायम गर्ने,

(३) बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्नको लागि विषयगत शाखामा उपलब्ध स्रोत र साधनको समुचित परिचालनबाट उच्चतम प्रतिफल हासिल गर्नमा उचित समन्वय कायम गर्ने, र

(४) स्थानीय तहमा सञ्चालन हुने बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित क्रियाकलापलाई एकीकृत रूपमा सञ्चालन गर्ने ।

### २. निर्देशनको प्रयोगः

मातृ, शिशु तथा बाल्यावस्थामा हुने कुपोषणलाई न्यूनीकरण गर्न सञ्चालन गरिने विभिन्न कार्यक्रम तथा क्रियाकलापको सन्दर्भमा आवश्यक वस्तु तथा सेवा प्रवाहका लागि बहुक्षेत्रीय पोषण योजनासँग सम्बद्ध विभिन्न तहका सरकारी तथा गैरसरकारी निकायले यो निर्देशनलाई अनुसरण गर्नुपर्नेछ । संघीय तथा प्रदेशस्तरका निकायहरूले बहुक्षेत्रीय पोषण योजनासम्बन्धी कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्नमा यो निर्देशन सहयोगी तथा उपयोगी हुनेछ ।

परिच्छेद - २

## योजना तर्जुमा तथा कार्यान्वयन

**३. आवधिक, रणनीतिक र वार्षिक योजना तर्जुमाः**

(१) स्थानीय तहले आवधिक, वार्षिक र रणनीतिक योजनामा पोषण तथा खाद्य सुरक्षासम्बन्धी विषयलाई समावेश गरी यसको कार्यान्वयन गर्नुपर्नेछ । यस प्रकारको योजना तयार गर्दा स्थानीय तहको लागि निर्दिष्ट गरेको विधि तथा प्रक्रिया अपनाउनुपर्नेछ ।

(२) स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा बहुक्षेत्रीय पोषण योजनाको आधारमा पोषण विशेष र पोषण संवेदनशील कार्यक्रमको एकीकृत योजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(३) स्थानीय तहले बहुक्षेत्रीय पोषण योजनाको आधारमा एकीकृत योजना तयार गर्दा सम्बद्ध विषयगत शाखा र अन्य सरोकारवालाको सहभागितामा कार्यक्रमहरू योजना छनौटमा लक्षित समुदायको पहुँच र उपभोग सुनिश्चित हुने कुरालाई ध्यान दिनुपर्नेछ ।

## ४. प्राथमिकता निर्धारणः

(१) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनका लागि स्थानीय तहले योजना तर्जुमा गर्दा पोषणका सूचक समेटिएको पार्श्वचित्र (प्रोफायल) को आधारमा निम्नलिखित वर्ग, समुदाय, स्थानलाई प्राथमिकता दिनुपर्नेछः-

(क) गर्भवती र सुत्केरी महिला, दुईवर्ष मुनिका बालबालिका, तथा प्रजनन् उमेरका किशोरी,

(ख) कुपोषण भएको बालबालिकाको सँख्या बढी भएको, खानेपानी तथा सरसफाइ सुविधा कमी भएको, शैक्षिक स्थिति न्यून भएको, खाद्य सुरक्षा कमी भएकोजस्ता पोषणसँग सम्बन्धित समस्या भएको वर्ग, समुदाय, स्थान,

(ग) आर्थिक, सामाजिक र भौगोलिक रूपमा पीछडिएको वर्ग, समुदाय र स्थान,

(घ) लैंङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण हुने,

(ङ) महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरणमा सहयोग पुग्ने र महिलाको दैनिक कार्यबोझमा कमी ल्याउने,

(च) जनसहभागिता जुट्ने र स्थानीय स्रोत परिचालन गर्न सकिने,

(छ) स्थानीयतहले पोषण तथा खाद्य सुरक्षाका कार्यक्रम सञ्चालन गर्नुपर्छ भनी एकिन गरेका समुदाय र वस्ती ।

## ५. बहुक्षेत्रीय पोषण योजनाको लगानीको क्षेत्रः

(१) बहुक्षेत्रीय पोषण योजनाअनुरूप सम्बन्धित विषयगत क्षेत्रहरू– स्वास्थ्य, कृषि तथा पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा तथा स्थानीय सुशासनअन्तर्गत कार्यान्वयन गर्नुपर्ने कार्यक्रमहरू अनुसूची १ मा उल्लेख भएबमोजिम हुनेछन् ।

## ६. कार्यक्रम कार्यान्वयनः

(१) बहुक्षेत्रीय पोषण योजनासँग सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्दा देहायका विधिवाट गर्नुपर्नेछ ।

(क) जनसहभागितामा आधारित भएर

(ख) लक्षित समूहको सहभागिता गराएर

(ग) लक्षित घरपरिवारमार्फत

(घ) सीमान्तकृत वर्गको सहभागितामा

(ङ) वडा गरिबी नक्सांकनका आधारमा पहिचान भएका समुदायको सहभागितामा

(च) आवधिक तथा वार्षिक रूपमा कार्यक्रम कार्यान्वयन तालिका तयार गरी सोका आधारमा ।

(२) वहुक्षेत्रीय पोषण सम्वद्ध सवै सरोकारवाला, सरकारी तथा गैरसरकारी निकायहरूका बीच समन्वय कायम गरी यस्ता कार्यक्रमको कार्यान्वयन गर्नुपर्नेछ ।

(३) उपदफा(१) अनुसारका लक्षित वर्गको सहभागितामा स्थानीय तहले उपभोक्ता समिति निर्माण गरेर र सिधै लाभग्राही समुदायलाई कार्यक्रम संचालन गर्न दिएर वा गाउँ/नगरपालिकाले आफै कार्यक्रम सञ्चालन गरिदिएर वा अन्य कुनै तरिकाबाट सरोकार वर्गको स्वामित्व रहने गरी कार्यक्रम कार्यन्वयन गर्नुपर्नेछ ।

## परिच्छेद - ३
## समितिको गठन र भूमिका

**७. बहुक्षेत्रीय पोषण योजनासम्बन्धी समितिको गठनः**

बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन गर्ने गराउने सन्दर्भमा नेतृत्व प्रदान गर्न, समन्वय गर्न र अनुगमनसमेत गर्नको लागि विभिन्न तहमा देहायबमोजिमका समिति गठन रहनेछन् ।

(१) उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिः यो समिति संघीय तहमा देहायबमोजिम रहनेछः-

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष- अध्यक्ष

(ख) राष्ट्रिय योजना आयोगमा स्वास्थ्य, कृषि तथा पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा, संघीय मामिला तथा स्थानीय विकास, वाणिज्य र आपूर्ति क्षेत्र हेर्ने सदस्य- सदस्य

(ग) संघीयस्तरको स्वास्थ्य, कृषि, पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा, संघीय मामिला तथा स्थानीय विकास, अर्थ, वाणिज्य र आपूर्तिसम्बन्धी मन्त्रालयका सचिव- सदस्य

(घ) पोषण तथा खाद्य सुरक्षासम्बन्धी विज्ञ ४ जना (अध्यक्षबाट मनोनित)- सदस्य

(ङ) राष्ट्रिय योजना आयोगको सदस्य सचिव- सदस्य-सचिव

(च) राष्ट्रिय योजना आयोगको सचिवालय, सामाजिक विकास महाशाखाका सह-सचिव- सह-सदस्य सचिव ।

(२) उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछः-

(क) पोषण तथा खाद्य सुरक्षासम्बन्धी राष्ट्रिय नीति, रणनीति तर्जुमा गरी अनुमोदन गर्ने,

(ख) बहुक्षेत्रीय पोषण योजनाको लागि आवश्यक स्रोतको सुनिश्चितता गर्ने,

(ग) बहुक्षेत्रीय पोषण योजनाको लागि वैदेशिक अनुदान, विकास साझेदारको सहयोगजस्ता विषयमा नीतिगत निर्णय गर्ने,

(घ) पोषण तथा खाद्य सुरक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको गोष्ठी, सभा-सम्मेलनमा पैरबी गर्ने तथा राज्यको तर्फबाट प्रतिबद्धता व्यक्त गर्ने,

(ङ) बहुक्षेत्रीय पोषण योजनाको प्रगतिबारे समीक्षा गर्ने र उपलब्धिको मूल्याङ्कन गर्ने,

(च) बहुक्षेत्रीय पोषण योजनाको सन्दर्भमा संघीयस्तरका सम्बद्ध विषयगत मन्त्रालयसँग समन्वय कायम गर्ने,

(छ) संघीय तहमा गठन हुने राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिलाई आवश्यक निर्देशन दिने,

(ज) प्रादेशिक तहमा गठन हुने पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको गठन र सञ्चालनमा सहजीकरण गर्ने,

(झ) प्रादेश तहमा सञ्चालन हुने बहुक्षेत्रीय पोषण योजनासम्बन्धी कार्यक्रमको समीक्षा गर्ने ।

(३) राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिः यो समिति संघीय तहमा देहायबमोजिम रहनेछः-

(क) राष्ट्रिय योजना आयोगमा स्वास्थ्य तथा पोषण क्षेत्र हेर्ने सदस्य- संयोजक

(ख) राष्ट्रिय योजना आयोगमा कृषि, पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा, संघीय मामिला तथा स्थानीय विकास क्षेत्र हेर्ने सदस्य- सदस्य

(ग) संघीयस्तरको स्वास्थ्य, कृषि, पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा, संघीय मामिला तथा स्थानीय विकाससम्बन्धी मन्त्रालयको नीति, योजना तथा वैदेशिक सहयोग, बजेट तथा कार्यक्रम वा पोषणसम्बन्धी महाशाखा प्रमुख- सदस्य

(घ) संघीयस्तरको स्वास्थ्य, कृषि, पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा, संघीय मामिला तथा स्थानीय विकाससम्बन्धी मन्त्रालयअन्तर्गतका विभागका विभागीय प्रमुख- सदस्य

(ङ) नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यकारी निर्देशक- सदस्य

(च) नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक- सदस्य

(छ) राष्ट्रिय योजना आयोगको सामाजिक विकास महाशाखा प्रमुख सदस्य-सचिव ।

(४) राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) पोषण तथा खाद्य सुरक्षासम्बन्धी राष्ट्रिय नीति, रणनीतिहरूलाई कार्यान्वयन गर्ने, गराउने,

(ख) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनका लागि संघीयस्तरका विषयगत मन्त्रालयलाई आवश्यक बजेट छुट्याउने,

(ग) उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षासम्बन्धी निर्देशक समितिले गरेका निर्णय कार्यान्वयन गर्न समन्वय गर्ने,

(घ) संघीयस्तरमा गठन हुने बहुक्षेत्रीय पोषण योजना राष्ट्रिय समन्वय समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) बहुक्षेत्रीय पोषण योजनाको लागि संघीयस्तरमा बिभिन्न प्राविधिक समूहको गठन र कार्य विवरण निर्धारण गर्ने,

(च) बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा तथा मूल्याङ्कन गर्न गराउन संघीयस्तरमा समन्वयात्मक रूपले गर्नुपर्ने अन्य कार्य गर्ने,

(छ) राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय वा सोसम्बन्धी क्षेत्र हेर्ने महाशाखालाई आवश्यक मार्गदर्शन प्रदान गर्ने,

(५) प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति

प्रत्येक प्रदेशमा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति देहायबमोजिम गठन गरिनेछः-

(क) प्रदेशस्तरीय योजनासम्बन्धी कार्यक्षेत्र हुने निकायको प्रमुख- अध्यक्ष

(ख) प्रदेशस्तरमा स्वास्थ्य, कृषि तथा पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा, संघीय मामिला तथा स्थानीय विकास, अर्थ, वाणिज्य र आपूर्तिसम्बन्धी क्षेत्रको योजना हेर्ने प्रमुख-सदस्य

(ग) प्रदेशस्तरमा उपलब्ध पोषण तथा खाद्य सुरक्षासम्बन्धी विज्ञ २ जना (अध्यक्षबाट मनोनित)- सदस्य

(घ) प्रदेशस्तरीय योजनासम्बन्धी कार्यक्षेत्र हेर्ने निकायको प्रशासनिक प्रमुख- सदस्य-सचिव ।

आवश्यकताअनुसार *प्रदेशस्तरमा पोषण तथा खाद्य सुरक्षाको क्षेत्रमा संलग्न रहने विकास साझेदारलाई समेत उक्त बैठकमा आमन्त्रण गर्न सक्नेछ ।*

(६) यस समितिले प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षासम्बन्धी निर्देशक समितिले तर्जुमा गरेका नीतिसँग नबाझिने गरी प्रदेशस्तरको पोषण तथा खाद्य सुरक्षासम्बन्धी नीति तर्जुमा गर्ने,

(ख) बहुक्षेत्रीय पोषण योजनाको लागि विभिन्न स्रोत पहिचान गरी प्रदेश र सो प्रदेशका स्थानीय तहको लागि आवश्यक बजेटको सुनिश्चितता गर्ने,

(ग) प्रदेशको तर्फबाट पोषण तथा खाद्य सुरक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको गोष्ठी, सभा-सम्मेलनमा पैरबी गर्ने तथा प्रतिबद्धता व्यक्त गर्ने,

(घ) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको अवस्थाबारे प्रदेशस्तरबाट स्थानीय तहको समीक्षा गर्ने र उपलब्धिको मूल्याङ्कन गर्ने,

(ङ) पोषण तथा खाद्य सुरक्षासम्बन्धी प्रदेशस्तरका सम्बद्ध विषयगत कार्यालयलाई आवश्यक निर्देशन दिने,

(च) स्थानीय तहमा गठन हुने पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन र सञ्चालनमा आवश्यक निर्देशन दिने र सहजीकरण गर्ने,

(छ) स्थानीय तहमा गठन भएका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट सम्पादित कार्यको समीक्षा गर्ने ।

(७) गाउँपालिका तथा नगरपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिः बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने प्रत्येक गाउँपालिका तथा नगरपालिकामा गाउँपालिका तथा नगरपालिकास्तरीय छुट्टाछुट्टै पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति देहायबमोजिम गठन गरिनेछः-

(क) गाउँपालिका/नगरपालिका प्रमुख- अध्यक्ष

(ख) गाउँपालिका/नगरपालिको उप-प्रमुख- उपाध्यक्ष

(ग) गाउँपालिका/नगरपालिकाका सबै वडाका वडा अध्यक्ष-सदस्य

(घ) सम्बन्धित गाउँपालिका/नगरपालिकाका स्वास्थ्य, कृषि तथा पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा, सुशासन, अर्थ, वाणिज्य र आपूर्तिसम्बन्धी विषयगत शाखाका प्रमुख- सदस्य

(ङ) गाउँपालिका/नगरपालिकाको सामाजिक विकाससम्बन्धी शाखाको कार्यक्रम अधिकृत- सदस्य

(च) गाउँपालिका/नगरपालिकास्तरीय उद्योग तथा वाणिज्य सङ्घको अध्यक्ष- सदस्य

(छ) गाउँपालिका/नगरपालिकास्तरीय गैरसरकारी संस्था महासंघको अध्यक्ष- सदस्य

(झ) गाउँपालिका/नगरपालिकाको कार्यकारी अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी- सदस्य-सचिव ।

*यस समितिले आवश्यकताअनुसार सम्बन्धित* गाउँपालिका तथा नगरपालिकाकाभित्रका *पोषण तथा खाद्य सुरक्षासँग सम्बन्धित विज्ञलाई यस समितिमा आमन्त्रण गर्न सक्नेछ ।*

(८) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) पोषण तथा खाद्य सुरक्षासम्बन्धी राष्ट्रिय र प्रादेशिक तहका नीतिहरूसँग नबाझिने गरी सम्बन्धित गाउँपालिका तथा नगरपालिकाकास्तरको पोषण तथा खाद्य सुरक्षासम्बन्धी नीतिहरू तर्जुमा गर्ने,

(ख) बहुक्षेत्रीय पोषण योजनाको लागि स्रोत पहिचान गरी आवश्यक बजेटको सुनिश्चितता गर्ने ।

(ग) गाउँपालिका तथा नगरपालिकाको वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजनाअनुसारका कार्यक्रम समावेश गर्ने र सभामा पेश गर्ने,

(घ) पोषण तथा खाद्य सुरक्षासम्बन्धी राष्ट्रियस्तरको गोष्ठी, सभा-सम्मेलनमा पैरबी गर्ने तथा प्रतिबद्धता व्यक्त गर्ने,

(ङ) गाउँपालिका तथा नगरपालिकाभित्रका वडातहमा गठन हुने पोषण तथा खाद्य सुरक्षासम्बन्धी समितिको गठन, तथा सञ्चालनको लागि आवश्यक निर्देशन दिने र सहजीकरण गर्ने,

(च) गाउँपालिका तथा नगरपालिकाभित्रका वडातहमा गठन भएका पोषण तथा खाद्य सुरक्षासम्बन्धी समितिबाट सम्पादित कार्यहरूको समीक्षा गर्ने,

(छ) स्थानीय तहभित्र कार्यान्वयन गरिएको बहुक्षेत्रीय पोषण योजनाको अनुगमन, प्रगतिको समीक्षा र उपलब्धिको मूल्याङ्कन गर्ने ।

(९) वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिः बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने प्रत्येक गाउँपालिका तथा नगरपालिकाको हरेक वडामा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति देहायबमोजिम गठन गरिनेछः-

(क) गाउँपालिका/नगरपालिकाको वडाको अध्यक्ष- अध्यक्ष

(ख) गाउँपालिका/नगरपालिकाको वडाको महिला सदस्य- सदस्य

(ग) स्वास्थ्य, कृषि तथा पशुपन्छी, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण,शिक्षासम्बन्धी प्रत्येक गाउँपालिका/नगरपालिकाको वडास्तरीय विषयगत इकाइ भएमा सोका प्रमुखहरू - सदस्य

(घ) गाउँपालिका/नगरपालिकाको वडामा रहेका विद्यालयका महिला शिक्षक- सदस्य

(ङ) गाउँपालिका/नगरपालिकाको वडामा कार्यरत गैरसरकारी संघ-संस्थाको प्रतिनिधि एकजना- सदस्य

(च) गाउँपालिका/नगरपालिकाको वडाको नागरिक मञ्चको संयोजक- सदस्य

(छ) गाउँपालिका/नगरपालिकाको वडाको महिला स्वास्थ्य स्वयंसेविका एकजना- सदस्य

(ज) गाउँपालिका/नगरपालिकाको सम्बन्धित वडाको वडा सचिव- सदस्य-सचिव ।

(१०) गाउँपालिका/नगरपालिकाको वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) आफ्नो वडामा सहभागितामूलक पद्धतिबाट पोषणसम्बन्धी कार्यक्रमहरूको पहिचान गरी त्यस्ता कार्यक्रमहरू सम्बन्धित गाउँपालिका/नगरपालिकाको सभामा पेश गर्ने,

(ख) वडामा पोषण लक्षित समुदायको पहिचान गर्ने वडा समितिलाई सहयोग गर्ने,

(ग) पोषण लक्षित समुदायको आवश्यकता पहिचान गर्ने र उनीहरूको सहभागितामा कार्यक्रमको प्राथमिकीकरण गर्न सहयोग गर्ने,

(घ) पोषण सम्बन्धित लक्षित र संवेदनशील क्षेत्रमा विभिन्न अभियान सञ्चालन गर्ने समुदायको परिचालन गर्ने,

(ङ) गैरसरकारी संस्था तथा अन्य निकायबाट वडामा सञ्चालित पोषण कार्यक्रम अनुगमन गर्ने र प्रतिवेदन वडामा पेश गर्ने ।

परिच्छेद - ४

## योजना कार्यान्वयनको जिम्मेवारी

**८. बहुक्षेत्रीय पोषण योजनाको लागि संस्थागत व्यवस्थाः**

बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गर्न गराउन विभिन्न तहमा संस्थागत व्यवस्था देहायबमोजिम हुनेछ ।

(१) संघीय तहः

(क) राष्ट्रियस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गर्न, यसको कार्यान्वयन गर्न आवश्यक आन्तरिक र बाह्य स्रोत जुटाउने तथा विषयगत मन्त्रालय र दातृ निकाय एवम् विकास साझेदारसँग समन्वय गर्ने, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गर्ने, एकीकृत प्रतिवेदन संकलन, समायोजन र विश्लेषण गरी अन्य सम्बद्ध निकायहरूलाई निर्देशन गर्ने कार्य राष्ट्रिय योजना आयोगको हुनेछ ।

(ख) विषयगत मन्त्रालयको नीति, योजना र वार्षिक कार्यक्रममा पोषण तथा खाद्य सुरक्षाको विषयलाई समावेश गर्ने र क्षमता विकासको लागि सहजीकरण गर्ने, कार्यान्वयनको अनुगमन गर्ने जस्ता कार्य संघीय तहको सम्बद्ध विषयगत मन्त्रालयको हुनेछ ।

(ग) बहुक्षेत्रीय पोषण योजनाअनुसारका कार्यक्रमको एकीकृत कार्य योजना तर्जुमा गरी प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन गर्ने, गराउन र सहयोग गर्ने जस्ता कार्य संघीय मामिला तथा स्थानीय विकाससम्बन्धी मन्त्रालयको हुनेछ ।

(२) प्रादेशिक तहः

(क) प्रादेशिकस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गर्न, यसको कार्यान्वयन गर्न आवश्यकस्रोत जुटाउने, प्रदेश तहको विषयगत निकायसँग समन्वय गर्ने तथा एकीकृत प्रतिवेदन संकलन, समायोजन र विश्लेषण गर्ने जस्ता कार्य प्रदेश तहको योजना तर्जुमासम्बन्धी कार्य गर्ने निकायको हुनेछ ।

(ख) विषयगत मन्त्रालयको नीति, योजना र वार्षिक कार्यक्रममा पोषण तथा खाद्य सुरक्षाको विषयलाई समावेश गर्ने र क्षमता विकासको लागि सहजीकरण गर्ने, कार्यान्वयनको अनुगमन गर्ने जस्ता कार्य प्रदेश तहका सम्बद्ध विषयगत निकायको हुनेछ ।

(ग) बहुक्षेत्रीय पोषण योजनाअनुसारका कार्यक्रमको एकीकृत कार्य योजना तर्जुमा गरी प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन गर्ने गराउने जस्ता कार्य प्रदेश तहको सम्बन्धित निकायको हुनेछ ।

(३) जिल्ला तहः

जिल्लाभित्रका गाउँपालिका र नगरपालिकामा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा समन्वय, सहजीकरण र अनुगमन गर्ने कार्य जिल्ला समन्वय समितिको हुनेछ ।

(४) स्थानीय तहः

स्थानीय तहमा गाउँपालिका/नगरपालिकाले देहायबमोजिमको कार्य गर्नेछन्ः-

(क) पोषण तथा खाद्य सुरक्षासम्बन्धी बार्षिक कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने, गाउँसभा/नगरसभाबाट अनुमोदन भएका कार्यक्रम कार्यान्वयन गर्ने,

(ख) पोषणसम्बन्धी कार्यक्रमको अनुगमन, समीक्षा तथा मूल्याङ्कन गर्ने,

(ग) पोषणसम्बन्धी कार्यक्रमको प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी नियमित रूपमा तोकिएको निकायमा पठाउने,

(घ) गैरसरकारी संस्था र अन्य विकास साझेदारले सञ्चालन गरेका पोषणसम्बन्धी कार्यक्रमको अनुगमन र नियमन गर्ने तथा प्रतिवेदन लिने,

(ङ) स्थानीय तहको पार्श्वचित्र तयार गर्दा पोषण सूचक समावेश भएको सुनिश्चिता गर्ने ।

(५) वडा तहः

गाउँपालिका/नगरपालिकाको वडातहको निकायले देहायबमोजिमको कार्य गर्नेछः-

(क) वस्तीस्तरबाट प्राथमिकताका आधारमा छनौट भएका पोषण तथा खाद्य सुरक्षासम्बन्धी योजना गाउँसभा/नगरसभामा पेश गर्ने,

(ख) गाउँसभा/नगरसभाबाट स्वीकृत भएका पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

(ग) गैरसरकारी संस्था र अन्य विकास साझेदारले सञ्चालन गरेका पोषणसम्बन्धी कार्यक्रम कार्यान्वयनको अनुगमन र नियमन गर्ने तथा प्रतिवेदन गाउँपालिका/नगरपालिकामा पेश गर्ने,

(घ) समुदायमा आधारित संघ-संस्थालाई पोषणसम्बन्धी कार्यक्रमको योजना तर्जुमा चरणदेखि नै परिचालन गर्ने,

(ङ) वडाको पार्श्वचित्र तयार गर्दा पोषण सूचक समावेश भएको सुनिश्चितता गर्ने ।

## ९. स्थानीय तहका विषयगत निकाय/शाखाको भूमिकाः

(१) गाउँसभा/नगरसभाबाट स्वीकृत कार्यक्रम सम्बन्धित गाउँपालिका/नगरपालिकाको प्रत्यक्ष निर्देशनमा कार्यान्वयन गर्ने ।

(२) कार्यक्रम कार्यान्वयनका लागि कार्यतालिका तयार गर्ने र गाँउपालिका/नगरपालिकाबाट स्वीकृत गराएर लागू गर्ने ।

(३) गाउँपालिका/नगरपालिकाको पोषण योजना तर्जुमा गर्नमा सहजीकरण गर्ने ।

(४) वडास्तरबाट प्राप्त कार्यक्रमको सम्भाव्यता समेतलाई दृष्टिगत गरी गाउँपालिका/नगरपालिकालाई राय-सुझाव उपलब्ध गराउने ।

(५) पोषणसम्बन्धी योजना कार्यान्वयनको नियमित प्रतिवेदन गाँउपालिका/नगरपालिकासमक्ष पेश गर्ने ।

(६) गाउँपालिका/नगरपालिका क्षेत्रभित्रको पोषणसम्वन्धी सूचक अद्यावधिक गरी राख्ने ।

## १०.सामुदायिकस्तरका संगठनको भूमिकाः

(१) नागरिक अगुवा, क्लब, महिला स्वास्थ्य स्वयंसेविका, उपभोक्ता समूह, सामाजिक परिचालक, सामाजिक अभियन्ताजस्ता सामुदायिकस्तरका संगठनको भूमिका देहायबमोजिम हुनेछः-

(क) पोषणसम्बन्धी सामाजिक अभियान सञ्चालनमा स्थानीय तहसँग सहकार्य गर्ने,

(ख) पोषणसम्बन्धी लक्षित वर्गको पहिचान गर्नमा स्थानीय तहसँग सहकार्य गर्ने,

(ग) लक्षित समुदायमा पोषणसम्बन्धी नागरिक शिक्षाका कक्षा सञ्चालन गर्ने,

(घ) स्थानीय तहको पोषणसम्बन्धी योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागी हुने,

(ङ) पोषणसम्बन्धी कार्यक्रम कार्यान्वयनमा स्थानीय वर्ग, समुदायलाई आवश्यक ज्ञान र सीप हस्तान्तरण गर्ने,

(च) आफ्नो पहलबाट भएका पोषणसम्बन्धी कार्यको प्रगति विवरण नियमित रूपमा स्थानीय तहमा पेश गर्ने ।

## ११. सम्पर्क शाखा/सम्पर्क व्यक्तिको पहिचान र भूमिकाः

(१) बहुक्षेत्रीय पोषण योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, अभिलेख तथा प्रतिवेदनसम्बन्धी कार्यमा सहयोग गर्न देहायअनुसार सम्पर्क शाखा/सम्पर्क व्यक्ति तोक्नुपर्नेछः-

(क) संघीय तहमा पोषणसँग सम्बन्धित प्रत्येक विषयगत मन्त्रालय र अन्तर्गतका विभागहरूले आ-आफ्नो निकायमा बहुक्षेत्रीय पोषण योजनाको सम्पर्क शाखा र उक्त शाखाको एकजना कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नुपर्नेछ,

(ख) प्रादेशिक तहमा पोषणसँग सम्बन्धित विषयगत निकायहरूले बहुक्षेत्रीय पोषण योजनाको सम्पर्क शाखा र उक्त शाखाको एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नुपर्नेछ,

(ग) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने गाउँपालिका/नगरपालिकामा अध्यक्ष/प्रमुखले एकजना विषयगत शाखाको एकजना कर्मचारीलाई बहुक्षेत्रीय पोषण योजनाको सम्पर्क व्यक्ति तोक्नुपर्नेछ,

(घ) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने गाउँपालिका/नगरपालिकाको वडामा सम्बन्धित वडाको वडा अध्यक्षले बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको लागि विषयगत इकाइको कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नु तोक्न लगाउनुपर्नेछ,

(ङ) पोषणको क्षेत्रमा काम गर्ने संघीय तथा प्रादेशिक तहको दातृ निकाय, गैरसरकारी संस्था वा अन्य विकास साझेदार निकायमा सम्बन्धित निकायले बहुक्षेत्रीय पोषण योजनाको सन्दर्भमा एकजना सम्पर्क व्यक्ति तोक्नु लगाउनुपर्नेछ ।

(२) बहुक्षेत्रीय पोषण योजनाको सम्पर्क शाखा/सम्पर्क व्यक्तिको भूमिका देहायबमोजिम हुनेछः-

(क) सरकारी तथा गैरसरकारी निकायको तर्फबाट सञ्चालन हुने बहुक्षेत्रीय पोषण योजनासम्बन्धी कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, अभिलेख, प्रतिवेदनलगायतका कार्यको संयोजन, सम्पदान तथा सहजीकरण गर्ने,

(ख) पोषण तथा खाद्य सुरक्षासम्बन्धी जनचेतना अभिबृद्धि, क्षमता विकासजस्ता कार्य गर्नमा सहजीकरण गर्ने,

(ग) पोषण सम्बन्धी कार्यक्रमको जानकारी सरोकारवालालाई दिने,

(घ) बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित अन्य कार्य गर्ने ।

## १२. राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालयको स्थापना तथा सञ्चालनः

(१) बहुक्षेत्रीय पोषण योजना एवम् पोषण तथा खाद्य सुरक्षासम्बन्धी अन्य कार्य व्यवस्थित रूपले सञ्चालन गर्न गराउन संघीयस्तरमा गठन भएको उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिलाई प्राविधिक तथा व्यवस्थापकीय कार्यमा सहयोग पुऱ्याउन राष्ट्रिय योजना आयोगको सचिवालयअन्तर्गत राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय स्थापना भई सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालयको सञ्चालनको लागि आवश्यक संगठन ढाँचा एवम् कर्मचारीको व्यवस्था राष्ट्रिय योजना आयोगले तोकिएबमोजिम हुनेछ ।

## १३. क्षमता विकासः

(क) बहुक्षेत्रीय पोषण योजना प्रभावकारी रूपले कार्यान्वयन गर्न गराउन बहुक्षेत्रीय पोषण योजनाका लागि तोकिएको प्रत्येक सम्पर्क व्यक्तिको क्षमता विकास गर्नुपर्नेछ, जसमा पोषण तथा खाद्य सुरक्षासम्बन्धी ज्ञान र सीपको विकास, अभिलेख तथा प्रतिवेदन, सूचना प्रवाह, प्रशिक्षण गर्ने सीप पर्नेछन् ।

(ख) बहुक्षेत्रीय पोषण योजनाको स्वीकृत ढाँचाको अधिनमा रही राष्ट्रिय योजना आयोगको समन्वय र मार्गदर्शनमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संयोजनमा स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल, विषयगत क्षेत्रलगायतका सरोकारवालाहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ ।

परिच्छेद - ४

## वित्तीय व्यवस्थापन र लेखा परीक्षण

### १४.वित्तीय स्रोतः

(१) बहुक्षेत्रीय पोषण योजनाका लागि देहायबमोजिमका वित्तीय स्रोत हुनेछन्ः-

(क) संघीय सरकारको अनुदान,

(ख) प्रादेशिक सरकारको अनुदान,

(ग) स्थानीय तहको आन्तरिक स्रोत,

(घ) विकास साझेदारबाट सहयोगस्वरूप प्राप्त हुने स्रोत,

(ङ) निजी क्षेत्रबाट सहयोगस्वरूप प्राप्त हुने स्रोत ।

### १५.कोष प्रवाह तथा वित्तीय व्यवस्थापनः

बहुक्षेत्रीय पोषण योजनाको कोष प्रवाह तथा वित्तीय व्यवस्थापन नेपाल सरकारको विद्यमान आर्थिक ऐन, नियम एवम् स्थानीय तहको लागि तोकिएको आर्थिक कार्यप्रणालीअनुसार हुनेछ ।

### १६. लेखाङ्कन र लेखा परीक्षणः

(१) बहुक्षेत्रीय पोषण योजनाको लेखाङ्कन र लेखा परीक्षण देहायअनुसार हुनेछः-

(क) स्थानीय तहलाई तोकिएको आर्थिक प्रणालीको ढाँचामा लेखाङ्कन राख्नुपर्नेछ,

(ख) स्थानीय तहलाई निर्दिष्ट गरिएबमोजिमको विधि तथा प्रक्रियाअनुसार आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ ।

### १७ प्राथमिकताप्राप्त क्षेत्रबाहेक अन्य क्षेत्रमा लगानी गर्न नपाईनेः

(१) बहुक्षेत्रीय पोषण योजनाका लागि सशर्त विनियोजन भएको बजेट अन्य क्षेत्रमा लगानी गर्न पाईनेछैन ।

परिच्छेद - ५

## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

### १८. अनुगमनः

(१) बहुक्षेत्रीय पोषण योजनाको अनुगमन ढाँचाको परिधिभित्र रही सम्वन्धित नगर/गाँउपालिकाले निर्दिष्ट गरेको संयन्त्रले बहुक्षेत्रीय पोषण योजनाको अनुगमन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सयन्त्रले बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको अनुगमन गर्दा देहायका कुरालाई ध्यान दिनुपर्नेछः-

(क) अनुगमनका क्रममा कुनै अनिमियतता देखिएमा त्यसलाई तत्काल सुधार तथा कारवाही गर्ने,

(ख) अनुगमनको क्रममा देखिएका तथ्यको आधारमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा तत्काल सुधार गर्नुपर्ने बुँदा किटान गरी सम्बन्धित तहको निकायमा सुझाव दिने,

(ग) अनुगमनको क्रममा अवलोकन गरिएका विषयलाई विश्लेषण गर्दै बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी रूपले कार्यान्वयन गर्नको लागि सम्बन्धित तहको निकायमा वस्तुगत सुझाव दिने ।

**१९. समीक्षा तथा मुल्याङ्कनः**

(१) बहुक्षेत्रीय पोषण योजनाको समीक्षा तथा मूल्याङ्कन देहायबमोजिम गर्नुपर्नेछः-

(क) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको हरेक तहमा चौमासिक तथा वार्षिक रूपमा समीक्षा गर्नुपर्नेछ,

(ख) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको समीक्षाको निचोडस्वरूप प्राप्त सुझाव कार्यान्वयन गर्न सम्बन्धित तह र माथिल्लो निकायमा पठाउनुपर्नेछ,

(ग) बहुक्षेत्रीय पोषण योजनामा उल्लेखित लक्ष्यको प्रगति मापन गर्न निर्धारण गरिएका सूचकको आधारमा अपेक्षित प्रतिफल र उपलब्धि हासिल भए, नभएकोबारे स्थिति र त्यसका कारणहरू थाहा पाउन आवधिक रूपमा सर्वेक्षण गरेर मूल्याङ्कन गर्नुपर्नेछ ।

**२०.अभिलेख तथा प्रतिवेदनः**

(१) गाउँपालिका/नगरपालिकाले तोकिएको प्रतिवेदन ढाचाँअनुसार मासिक, चौमासिक र वार्षिक प्रतिवेदन जिल्ला समन्वय समिति, प्रदेश र संघीय सरकारको सम्पर्क मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ । साथै सम्बन्धित मन्त्रालयले एकीकृत प्रतिवेदन तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गर्नुपर्नेछ ।

(२) गाउँपालिका/नगरपालिकाले तोकिएका निकायलाई Web-based Reporting कोलागि निर्धारण गरिएको तथ्याङ्क प्रविष्ट गरी नियमित रूपमा प्रतिवेदन गर्नुपर्नेछ ।

(३) बहुक्षेत्रीय पोषण योजनासम्बन्धी कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनको अभिलेख राख्ने र यसको भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन गाउँपालिका/नगरपालिकाले तोकिएको ढाँचाअनुसार गर्नुपर्नेछ ।

**२१. सामाजिक उत्तरदायित्वः**

गाउँपालिका/नगरपालिकाले सार्वजनिक परीक्षण, सामाजिक परीक्षण वा स्थानीय तहले निर्दिष्ट गरेका अन्य कुनै विधिमार्फत सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्नेछ ।

**२२. गुनासो सुनुवाई र व्यवस्थापनः**

(१) गाउँपालिका/नगरपालिकाले बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनका क्रममा आउनसक्ने गुनासाको सुनुवाई र व्यवस्थापन गर्नुपर्नेछ ।

(२) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने प्रत्येक गाउँपालिका/नगरपालिकामा उपाध्यक्ष/उप-प्रमुखको संयोजकत्वमा गाउँपालिका/नगरपालिकाको प्रमुखले तोकेको सम्बन्धित गाउँपालिका/नगरपालिकाको एकजना निर्वाचित जनप्रतिनिधि र कार्यकारी अधिकृतसहितको तीन सदस्यीय गुनासो सुन्ने टोलीको व्यवस्था गरी गुनासो सुनुवाई र व्यवस्थापन गर्नुपर्नेछ ।

परिच्छेद - ६

## विविध

**२३. विकास साझेदार तथा गैर सरकारी क्षेत्रले स्थानीय तहबाट निर्दिष्ट योजनामा लगानी गर्नुपर्नेः**

(क) पोषण क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने विकास साझेदार तथा गैरसरकारी संस्थाहरूले बहुक्षेत्रीय पोषण योजनाबमोजिम स्थानीय तहले निर्दिष्ट गरेको योजना तर्जुमा प्रक्रियामा सहभागी भई सम्वन्धित स्थानीय तहबाट कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँगको समन्वय तथा निगरानीमा कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(ख) बहुक्षेत्रीय पोषण योजना (२०१८-२०२२) स्वीकृत भई कार्यान्वयनमा आएपश्चात सोही योजनामा उल्लेख भएबमोजिमका क्षेत्रमा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

## अनुसूची १:

## बहुक्षेत्रीय पोषण योजनाको लागि विषगत क्षेत्रअन्तर्गत निर्धारण गरिएका कार्यक्रमहरू

### (क) नीति, योजना तथा स्थानीय विकास

१. राष्ट्रिय पोषण नीति एवम् रणनीति पुनरावलोकन गर्ने ।

२. बहुक्षेत्रीय पोषण योजनाअनुरूप राष्ट्रिय पोषण नीति तथा रणनीतिलाई अद्यावधिक गर्ने ।

३. विषयगत क्षेत्रका दीर्घकालीन योजना पुनरावलोकन गरी पोषणलाई समावेश गर्ने ।

४. विभिन्न तहमा पोषण तथा खाद्य सुरक्षासम्बन्धी समिति गठन गर्ने र समितिको नियमित बैठक गर्ने ।

५. बहुक्षेत्रीय पोषण योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रारूप तर्जुमा/अद्यावधिक गर्ने ।

६. विषयगत क्षेत्रका योजनाको अनुगमन तथा मूल्याङ्कन खाकामा पोषण समावेश गर्ने ।

७. योजना, अनुगमन तथा विश्लेषण प्रणालीमा पोषणसम्बन्धी सूचकहरूको समावेश गर्ने ।

८. बहुक्षेत्रीय पोषण योजनाको सूचक अनुगमन तथा मूल्याङ्कन सुनिश्चित गर्न विषगत क्षेत्रको सूचना प्रणालीमा पोषण समावेश गर्ने ।

९. बहुक्षेत्रीय पोषण योजनाको एकीकृत प्रतिवेदन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने ।

१०. सबै तहको सबै तहका विषयगत निकायमा पोषणका लागि संस्थागत जिम्मेवारी बाँडफाँड गर्ने र बहुक्षेत्रीय पोषण योजनाको सम्पर्क व्यक्ति तोक्ने, ती कर्मचारीको कार्य विवरणमा पोषण समावेश गर्ने र तिनीहरूको क्षमता विकास गर्ने ।

११. पोषण तथा खाद्य सुरक्षाका सम्बन्धमा सरोकारवालाको नक्साङ्कन गर्ने ।

१२. पोषण तथा खाद्य सुरक्षाको सम्बन्धमा संचारकर्मीहरूको क्षमता अभिवृद्धि गर्ने ।

१३. बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको नियमित रूपमा संयुक्त अनुगमन गर्ने ।

१४. पोषणको हालको अवस्था पहिचान गरी हरेक स्थानीय तहको आधारभूत विवरण तयार गर्ने ।

१५. बहुक्षेत्रीय पोषण योजनाको अनुगमन तथा मूल्याङ्कन निर्देशिका तयार गर्ने ।

१६. स्थानीयतहमा पोषणसँग सम्बन्धित विषयगत सरकारी तथा गैरसरकारी निकायको सूचना समावेश गरी गरिबी अनुगमन तथा विश्लेषण प्रणालीमा आवद्ध र अद्यावधिक गर्ने ।

१७. बहुक्षेत्रीय योजनाले परिलक्षित गरेका कार्यक्रमहरूका लागि पर्याप्त बजेटको सुनिश्चितता गर्ने ।

१८. पोषण सूचकलाई समावेश गरी विपन्न घरधुरी नक्शाङ्कन गर्ने

१९. नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च, महिला स्वास्थ्य स्वयंसेविक, आमा समूह तथा अन्य उपभोक्ता समूहलाई पोषणको क्षेत्रमा परिचालन गर्ने

२०. बाल नगद अनुदान प्राप्त गर्न योग्य बालबालिका भएका घरधुरीलाई बाल नगद अनुदान प्रदान गर्ने ।

२१. शिशु तथा बाल्यकालीन आहारलाई बाल नगद अनुदान वितरणका साथमा प्रोत्साहन दिने ।

२२. संघीय तथा प्रादेशिक तहको विषगत क्षेत्र र स्थानीय तहको वार्षिक प्रतिवेदनमा पोषणको प्रगति समावेश गर्ने

२३. पोषणको विषयलाई आफ्नो योजनामा प्राथमिकता दिने र पोषणसम्बन्धी मुख्य-मुख्य सूचकहरूलाई समावेश गर्न विषयगत क्षेत्रमा पैरबी गर्ने ।

२४. बहुक्षेत्रीय पोषण योजनाका बारेमा राजनीतिक दलहरू, जनप्रतिनिधिसँग अन्तरक्रिया, पैरबी गर्ने ।

२५. बहुक्षेत्रीय पोषण योजनामा प्राज्ञिक, नागरिक समाज र निजीक्षेत्रलाई पनि समावेश गराउने ।

२६. पोषण तथा खाद्य सुरक्षासम्बन्धी क्रियाकलापका जानकारी समेटेर त्रैमासिक बुलेटिन प्रकाशन गर्ने।

**(ख) स्वास्थ्य क्षेत्र**

१. गर्भवती महिलाको पहिचान गरी सूची तयार गर्ने व्यवस्था मिलाउने ।

२. गर्भवती र सुत्केरी महिलालाई सूक्ष्म पोषणयुक्त आहारसम्बन्धी परामर्श दिने ।

३. जन्मेको १ घण्टाभित्र बच्चालाई स्तनपान गराउन र ६ महिनासम्म पूर्ण रूपमा स्तनपान गराउन आमाहरूलाई परामर्श दिने ।

४. गर्भावस्था र सुत्केरी अवस्थामा आइरन फोलिक एसिड चक्की र गर्भवती अवस्थामा जुकाको औषधि वितरण गर्ने ।

५. विद्यालय जाने उमेरका बालबालिकालाई वर्षको दुईपटक जुकाको औषधि वितरण गर्ने ।

६. सूक्ष्म पोषकतत्व समिश्रण अन्नको पिठोको उपभोगमा वृद्धि गर्न व्यवहार परिवर्तन सञ्चार सञ्चालन गर्ने ।

७. दुई बालबालिका चिन्ह अंकित आयोडिनयुक्त नुनको उपभोगबारे समुदायमा आधारित सामाजिक बजारीकरण गर्ने ।

८. घरपरिवारस्तरमा सूक्ष्म पोषकतत्व समिश्रण गर्ने कार्यक्रमलाई विस्तार गर्ने ।

९. आमाहरूलाई साबुन पानीले हातधुनेबारे परामर्श दिने ।

१०. ६ महिनादेखि ५ वर्षमुनिका बालबालिकालाई अभियानमार्फत वर्षको २ पटक भिटामिन 'ए' क्याप्सुल खुवाउने ।

११. १ वर्षदेखि ५ वर्ष मुनिका बालबालिकालाइ अभियानमार्फत वर्षको २ पटक जुकाको औषधि खुवाउने ।

१२. सुत्केरी भएको ६ हप्ताभित्र महिलालाई भिटामिन 'ए' क्याप्सुल खुवाउने ।

१३. बालबालिकाको पोषण अवस्था अनुगमन गर्ने र पोषणसम्बन्धी परामर्श प्रदान गर्ने ।

१४. कुपोषण भएका बालबालिकाको पहिचान गरी शीघ्र कुपोषण भएका बालबालिका छुट्याउने ।

१५. शीघ्र कुपोषणको एकीकृत ब्यवस्थापन गर्ने र यस प्रकारको सेवाको पहुँच बढाउने ।

१६. स्वास्थ्य संस्थामा शीघ्र कुपोषण ब्यवस्थापनका लागि विशेष उपचार केन्द्र र पोषण पुनःस्थापना गृहको स्थापना गर्ने ।

१७. आयोडिनयुक्त नुन उत्पादन, वितरण र अनुगमनका लागि कानुनको तर्जुमा गर्ने ।

१८. शिशु तथा बाल्यकालीन आहारसम्बन्धी अभिमुखीकरण, तालीम सञ्चालन गर्ने ।

१९. नवजात शिशु तथा बालरोगको एकीकृत ब्यवस्थापनसम्बन्धी तालीम सञ्चालन गर्ने ।

२०. बहुक्षेत्रीय पोषण योजनाअनुरूप स्वास्थ्यकर्मीहरूको कार्य विवरणमा पुनरावलोकन गर्ने ।

२१. पोषण निगरानी प्रणालीको स्थापना गर्ने ।

**(ग) कृषि विकास क्षेत्रको भूमिका**

१. करेसाबारी निर्माण गर्न घरपविारलाई प्रोत्साहन गर्ने ।

२. पोषणयुक्त खाद्य सामग्री उत्पादन गर्न कृषकहरूको क्षमता विकास गर्ने ।

३. ग्रामीण नमूना फार्मको स्थापना गर्ने ।

४. लघु सिचांइको विकासमा सहयोग गर्ने ।

५. सिचांइका लागि पाईप, मोटर आदि उपलब्ध गराउन अनुदान दिने ।

६. श्रमदानबाट पोखरी बनाउनका लागि समुदायलाई अनुदान दिने ।

७. स्वस्थ्य खाना र पोषणयुक्त आहारलाई सञ्चार माध्यममार्फत प्रवर्द्धन गर्ने ।

८. परम्परागत खाद्यवस्तुमा आधारित पोषणयुक्त आहारको तयारी र सूचनाको सम्प्रेषण गर्ने ।

९. घर र विद्यालयमा बगैँचा लगाउन तालीम प्रदान गर्ने ।

१०. उन्नत बीउ वितरण कार्यक्रम सञ्चालन गरी कृषि उत्पादन बढाउने ।

११. पोषणयुक्त खाद्य सामग्री उत्पादन गर्न कृषकहरूको क्षमता विकास गर्ने ।

१२. कृषिमा नेतृत्व लिनका लागि महिलालाई तालीम दिने ।

१३. जैविक कृषि विधि जस्तै जैविक मल वा जैविक विषादीमा कृषकहरुलाई तालीम दिने ।

१४. स्थानीय सम्भाव्यताअनुसार उत्पादन हुन फलफूलका लागि नमूना फलफूल बगैँचा खेतीको स्थापना सहयोग गर्ने र कृषकलाई फलफूल, तरकारी प्रशोधनको तालीम दिने ।

१५. फोहोर पानी पुनप्रयोग गर्न अनुदान प्रदान गर्ने (जुथल्नो सुधार कार्यक्रम) ।

१६. पोषणयुक्त खाद्यवस्तु उत्पादन र वितरणमा गर्ने ।

१७. समुदायस्तरको कृषि कार्यक्रमहरू विस्तार गर्ने ।

१८. कृषि क्षेत्रको पोषणसम्बन्धी क्षमता विकास गर्ने ।

**(घ) पशुपन्छी विकास क्षेत्र**

१. पशु स्वास्थ्य शिविरमा पशुपन्छीलाई खोप लगाउने कार्यक्रमलाई निरन्तरता/बिस्तार गर्ने ।

२. पशुचरणका निम्ति घाँसको बिउ वितरण गर्ने ।

३. मौरीका घार, माछाका भुरा र अन्य पशुजन्य साधनको वितरणमा सहुलियत प्रदान गर्ने ।

४. समुदायलाई पशुपन्छीजन्य उत्पादन, उपयोग तथा प्रशोधनसम्बन्धी तालीम दिने ।

५. ग्रामीण पशुपन्छी फार्मको स्थापना गर्ने र समुदायलाई कुखुरा तथा पशुपालनसम्बन्धी तालीम दिने ।

६. कृषकलाई दूधका विभिन्न परिकार तयार गर्ने तालीम प्रदान गर्ने ।

७. पशुपन्छी क्षेत्रका सबै सरोकारवालाहरूलाई पोषणका बारेमा जानकारी गराउने ।

**(ङ) खानेपानी तथा सरसफाइ क्षेत्र**

१. जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने बानी-व्यवहार प्रवर्द्धन गर्ने ।

२. विद्यालयमा शौचालय, पिउने पानी, साबुन पानीले हातधुने सुविधा र महिनावारी भएका बालिकालाई सरसफाइका सुविधाको व्यवस्था गर्ने ।

३. समुदाय, संस्था र अन्य सार्वजनिक स्थलमा शौचालयको निर्माण गर्ने र सुधारिएको शौचालय प्रयोगलाई प्रोत्साहन गर्ने ।

४. खुला दिसामुक्त घोषणा अभियान सञ्चालन गर्ने ।

५. विभिन्न समुदायको लागि खानेपानी प्रशोधन प्रणालीको निर्माण, सञ्चालन, वितरण र व्यवस्थापन गर्ने ।

६. घरायसीस्तरमा सुरक्षित खानेपानीको उपलब्धताको सुनिश्चितता गर्ने ।

७. घरायसीस्तरमा खानेपानी शुद्धीकरण गर्ने विधिको बारेमा जनचेतना अभिबृद्धि गर्ने ।

८. घरधुरीस्तरमा खानेपानी शुद्धीकरणका उपाय अपनाउन प्रोत्सासन गर्ने ।

९. खानेपानी शुद्धीकरणका लागि सहकारी तथा अन्य संस्थासँग समेत मिलेर सामाजिक बजारीकरण गर्ने ।

१०. सरसफाइका लागि रणनीतिक कार्य योजना तयार गर्ने र यसको कार्यान्वयन गर्ने ।

११. खानेपानी तथा सरसफाइ समन्वय समिति गठन/पनुर्गठन गर्ने र समितिको बैठक बस्ने ।

१२. सूचना व्यवस्थापन प्रणालीलाई अद्यावधिक गरी बहुक्षेत्रीय पोषण योजनाका प्रमूख सूचकहरू समवेश गर्ने र लागू गर्ने ।

**(च) महिला, बालबालिका तथा समाज कल्याण क्षेत्र**

१. समुदायस्तरमा पोषण, प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, महिनावारी तथा अन्य जीवनउपयोगी सीप र लैङ्गिक समतासम्बन्धी तालीम सञ्चालन गर्ने ।

२. सहकारी संस्थामा संलग्न महिलाहरूलाई पोषणका बारेमा तालीम दिने ।

३. विद्यालय नजाने किशोरीहरूलाई जीवनोपयोगी सीपबारे प्रदान गरिने तालीममा पोषण विषय समावेश गर्ने ।

४. महिनावारी र पोषणका विषयमा परम्परागत मान्यता र सांस्कृतिक परम्पराविरुद्ध पैरवी गर्ने ।

५. सासु-बुहारीबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दा पोषणका विषय समावेश गर्ने ।

६. जिल्लामा रहेका बाल विकास केन्द्रहरूमा पोषण विषयमा चेतना अभिवृद्धि गर्ने ।

७. समुदायस्तरको पोषण, जीवनउपयोगी, सीप र लैङ्गिक समतासम्बन्धी तालीममा पोषण विषय समावेश गरी संचालन गर्ने ।

८. महिला विकास क्षेत्रको पोषणसम्बन्धी क्षमता विकास गर्ने ।

९. सामाजिक सुरक्षा संयन्त्रमा पोषण प्रवर्द्धनात्मक क्रियाकलाप एकीकृत गर्ने ।

**(छ) शिक्षा क्षेत्र**

१. बाल क्लब स्थापना तथा विस्तार गर्ने ।

२. पोषण शिक्षा समावेश गर्न विद्यालय तहको पाठ्यक्रम पुनरावलोकन गर्ने ।

३. अभिभावक तथा समुदायका सदस्यहरूलाई पोषणसम्बन्धी शिक्षा दिन सामाग्रीहरू तयार पारी वितरण गर्ने ।

४. विद्यालय दिवा खाजाको व्यवस्था गर्ने ।

५. घर तथा विद्यालयमा करेसावारीको प्रवर्द्धन गर्ने ।

६. शिक्षा क्षेत्रमा पोषणसम्बन्धी क्षमता विकास गर्ने ।

७. विद्यालयका बालबालिकाका लागि विद्यालयमा दिइने दिवा खाजामा आइरनयुक्त आहार खुवाउने ।

८. खुला दिसामुक्त क्षेत्र र हात धुने अभियानमा विद्यार्थीहरूको सहभागिता वृद्धि गर्ने ।

९. जीवनउपयोगी सीपसम्बन्धी स्रोतपुस्तिकाको विकास वा अद्यावधिक गर्ने ।

१०. जुकाको औषधि र आइरन फोलिक एसिड खुवाउने कार्यक्रममा बाल क्लबहरूलाई सहभागी गराउने ।

११. बाल विकासलाई विद्यालयस्तरीय पाठ्यक्रममा समावेश गर्ने ।

१२. विद्यालय स्वास्थ्य तथा पोषण जाँच तालिका तयार गर्ने र प्रयोग गर्ने ।

१३. पोषणसम्बन्धी स्रोत पुस्तिका र शैक्षिक सामग्रीको विकास र वितरण गर्ने ।

१४. विद्यालयमा अभिभावक शिक्षाका बारेमा परिचयात्मक कक्षा सञ्चालन गर्ने ।

१५. महिला वा आमाहरूलाई पूर्वबालविकास र साक्षरता कक्षा सञ्चालन गर्दा पोषण विषय समावेश गर्ने ।

१६. अभिभावक शिक्षाका निम्ति विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षक संङ्घ/संङ्गठनहरूको परिचालन गर्ने ।

१७. उच्चशिक्षा र साक्षरताका कक्षामा पोषण तथा स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गर्ने ।

१८. विद्यालय र घरका लागि स्थानीय आवश्यकताअनुसार खाद्यवस्तुको परिकारको तालिका, पर्चा तयार पार्ने र वितरण गर्ने ।

१९. विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावकलाई विद्यालय दिवा खाजा कार्यक्रममा परिचालन गर्ने ।

२०. कृषि क्षेत्रको समन्वयमा विद्यालयमा मौसमअनुसारका फलफूल रोप्न अनुरोध गर्ने ।

२१. सीप विकाससम्बन्धी तालीममा स्वास्थ्य र पोषणका विषय समावेस गर्ने ।

**(ज) बहुक्षेत्रीय पोषण योजनामा उल्लेखित क्षेत्रगत निकायहरूसँगको सम्बद्ध अन्य कार्यहरू ।**